आज मिति २०७९/०९/२१ गतेका दिन यस बारागढी गाउँ कार्यपालिकाका अध्यक्ष श्री अशोक कुमार जयसवाल ज्युको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा निम्न विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

| नाम | पद | दस्तखत |
|---|---|---|
| १ श्री अशोक कुमार जयसवाल | (अध्यक्ष) | |
| २. श्री लक्ष्मी देवी राय | (उपाध्यक्ष) | |
| ३. श्री सुरेश प्रसाद चौधरी | (वडा अध्यक्ष) | |
| ४. श्री जागेन्द्र साह कलवार | (वडा अध्यक्ष) | |
| ५. श्री उमेश प्रसाद साह | (वडा अध्यक्ष) | |
| ६. श्री पन्ना लाल साह | (वडा अध्यक्ष) | |
| ७. श्री मनेजर चौधरी | (वडा अध्यक्ष) | |
| ८. श्री निरज कुमार साह | (वडा अध्यक्ष) | |
| ९. श्री सुरेश राम | (कार्यपालिका सदस्य) | |
| १०. श्री राम एकबाल हजरा | (कार्यपालिका सदस्य) | |
| ११. श्री रेनु देवी कलवार | (कार्यपालिका सदस्य) | |
| १२. श्री अनिता दवी बैठा | (कार्यपालिका सदस्य) | |
| १३. श्री धनमन्ती देवी मलाहिन | (कार्यपालिका सदस्य) | |
| १४. श्री संगिता कुमारी चौधरी | (कार्यपालिका सदस्य) | |
| १५. श्री कमलेश कुमार मिश्र | (सदस्य सचिव) | |

प्रस्ताव एंव निर्णय :

१ ग्यास सिलिण्डर तथा चुल्हो खरिदको लागि E-Bidding गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१ माथि छलफल गर्दा गाउँपालिका स्तरीय धुवाँ मुक्त घोषणा नीति तथा कार्यक्रम लिएको हुनाले यस चालु आर्थिक वर्षमा गाउँसभाबाट स्वीकृत कार्यक्रम ग्यास सिलिण्डर तथा चुल्हो खरिद तथा वितरण गर्ने योजना रहेको हुँदा सो योजना कार्यान्वयन गर्नका लागि E-Bidding खरिद गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२ लाभग्राही छनौट तथा ग्यास सिलिण्डर र चुल्हो वितरण समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा ग्यास सिलिण्डर तथा चुल्हो खरिद गरी वितरण गर्न तथा लाभग्राही छनौट गर्ने प्रयोजनको लागि देहाय बमोजिमको पदाधिकारी रहने गरी " लाभग्राही छनौट तथा ग्यास सिलिण्डर र चुल्हो वितरण समिति" गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १ | संयोजक | श्री अशोक कुमार जयसवाल | – अध्यक्ष |
| २ | सदस्य | श्री लक्ष्मी देवी राय | – उपाध्यक्ष |
| ३ | सदस्य | श्री सुरेश प्रसाद चौधरी | – वडा अध्यक्ष |
| ४ | सदस्य | श्री जोगेन्द्र साह कलवार | – वडा अध्यक्ष |
| ५ | सदस्य | श्री उमेश प्रसाद साह | – वडा अध्यक्ष |
| ६ | सदस्य | श्री पन्ना लाल साह | – वडा अध्यक्ष |
| ७ | सदस्य | श्री मनेजर चौधरी | – वडा अध्यक्ष |
| ८ | सदस्य | श्री निरज कुमार साह | – वडा अध्यक्ष |
| ९ | सदस्य | श्री रेनु देवी कलवार | – कार्यपालिका सदस्य |
| १० | सदस्य-सचिव | श्री कमलेश कुमार मिश्र | – प्रमूख प्रशासकीय अधिकृत |

CS CamScanner

### ३. अनौपचारिक कक्षा सञ्चालनको लागि व्यवस्थापन खर्च सम्बन्धमा ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा साक्षर गाउँपालिका अभियान अन्तर्गत सञ्चालित रहेको अनौपचारिक कक्षा सञ्चालनको लागि सामुदायिक सिकाई केन्द्रहरुमा व्यवस्थापन खर्चको लागि यस गाउँपालिकाबाट रकम रु.३,५०,०००।-(अक्षरेपी तीन लाख पच्चास हजार मात्र) छुट्याउने निर्णय सर्वसहमत गरियो ।

### ४. करार सेवामा स्वयम सेवक शिक्षक भर्ना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा शैक्षिक स्तरवृद्धि तथा शिक्षक पूर्ति गर्न आवश्यक देखिएकोले तपसिलको पदमा निम्नानुसार करार सेवामा स्वयम सेवक शिक्षकहरु भर्ना गर्ने सर्वसहमत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १ प्रा.वि. स्तरका शिक्षक | - संख्या १३ जना |
| २. नि.मा.वि. स्तरका शिक्षक | -संख्या २ जना (नेपाली र सामाजिक विषयका शिक्षक) |
| ३. मा.वि. स्तरका शिक्षक | -संख्या १ जना (सामाजिक विषयको शिक्षक) |

### ५. विद्यालयहरुको विद्युत महसुल एक पटकको लागि भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत केही विद्यालयहरुको विगत देखिनै विद्युत महसुल बक्यौता रहेकोले विद्यालयहरुलाई सहजीकरण गर्न एक पटकको लागि यस गाउँपालिकाको श्रोतबाट विद्युत महसुल भुक्तानी गर्न सर्वसहमत निर्णय गरियो ।

### ६. मठ मन्दिर सञ्चालन तथा व्यवस्थापन निर्देशिका सम्बन्धमा ।

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत रहेका मठ, मन्दिरहरु व्यवस्थापन गर्न विद्यायन समितिबाट निर्देशिका अध्ययन भई यस गाउँ कार्यपालिकामा अनुमोदनको लागि सिफारिस भई आएको हुँदा यस बारागढी गाउँपालिकाको मठ, मन्दिर सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७९ सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।

CS CamScanner

७. १५ शैया अस्पताल निर्माणको लागि लागत अनुमान स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.७ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका खोपवा बारामा निर्माण हुन लागेको १५ शैयाको अस्पताल निर्माणको रु.२०,१९,८९,४३८।०४ (अक्षेरपी बीस करोड उन्नाईस लाख नवासी हजार चार सय अड्तीस रुपैया चार पैसा) को लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

८. प्रशासकीय भवनको लागत अनुमान स्वीकृत र म्याद थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका खोपवा बारामा निर्माण भईरहेको प्रशासकीय भवनको रु.७,२२,११,४१५।२७ (अक्षेरपी सात करोड बाईस् लाख एघार हजार चार सय पन्ध्र रुपैया सताईस पैसा) को लागत अनुमान स्वीकृत र सो कार्यको लागि २०७९/०९/२० गते सम्म म्याद रहेकोमा विभिन्न प्राविधिक कारणवश सो म्याद भित्र काम सम्पन्न हुन नसकेकोले मिति २०७९ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

९. टेन्डर आह्वान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको मुर्कीमा पर्ने जमुनी नदीमा निर्माण भईरहेको महुवासपुर घाँट झुलुङ्गे पुल निर्माण कार्यको लागि आवश्यक स्टील पार्टको टेन्डर प्रकृया आह्वान गर्ने निर्णय गरियो ।

१०. तराई मधेश समृद्धी कार्यक्रमको सम्बन्धमा ।

प्रस्ताव नं.१० माथि छलफल गर्दा आ.ब.०७९/०८० मा तराई मधेश समृद्धी कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रम यस गाउँपालिकाबाट १०%(प्रतिशत) रकम यस गाउँपालिकाबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | मोबाईल मर्मत तालिम | -रु.५०,०००।- |
| २ | श्री ने.रा.आ.वि.च.पथराको भवन निर्माण | -२,५०,०००।- |
| ३ | सामुदायिक भवन निर्माण भुईयाबाबा टोल च.पथरा-५ | -५०,०००।- |

११. समपुरक अनुदान सम्बन्धमा ।

प्रस्ताव नं.११ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको चालु आ.व.०७९/०८० मा संघीय सरकारबाट समपुरक अनुदान तपसिलमा उल्लेखित योजना स्वीकृत भईसकेकोले सो कार्यको लागि प्राप्त लागत अनुमानको ५०%(प्रतिशत) रकम यस बारागढी गाउँपालिकाबाट लागत साझेदारी निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. कल्भर्ट निर्माण, बारागढी च.पथरा – | संघीय सरकारबाट | -बारागढी गा.पा.बाट |
| | रु.४०,००,०००।- | रु.४०,००,०००।- |

१२. मर्मत सम्भार कोष सम्बन्धमा ।

प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको चालु आ.व ०७९/०८० को लागि गाउँसभाबाट स्वीकृत मर्मत सम्भार कोषको रकम यस गाउँपालिका वडा नं.३ को सुन्दरपुर देखि वडा नं.४ को पथरा सम्म मर्मत सम्भार गर्ने निर्णय गरियो ।

१३. सङ्घीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत कार्यक्रम/आयोजना माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०७९/०८/१९ गतेमा प्रकाशित सूचना अनुसार आ.ब.२०८०/०८१ का लागि संघीय समपुरक अनुदान तथा विषेश अनुदान अन्तर्गत यस गाउँपालिकावाट सञ्चालन गरिने तपसिलका आयोजना/कार्यक्रमहरु माग गर्ने सर्वसहमत निर्णय गरियो ।

तपसिल

(क) समपुरक अनुदान तर्फका कार्यक्रम :-

१.पोखरीया देखि सुखि हुँदै पथरा सम्म बाटो स्तरोन्नती

२.सिहासनी देखि च.पथरा सम्म बाटो स्तरोन्नती

३. खोपवा देखि बुद्धगाई सम्म बाटो स्तरोन्नती

४. खोपवा देखि मुर्की सम्म कृषि सड़क निर्माण वडा नं.३

(ख) विशेष अनुदान तर्फका कार्यक्रम :-

१. रामकबिर आ.वि. विद्यालयको भवन निर्माण, खोपवा-३
२. ननाही कुलोमा आर.सि.सि. कल्भर्ट निर्माण, वडा न.-२
३. बारागढी गा.पा.को कार्यालय देखि नयाँका टोल जाने बाटो स्तरोन्नती
४. दलित बस्ती एकिकृत भवन निर्माण, बारागढी वडा नं.२

**१४. भण्डारण कक्षको लागि आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं.१४ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल नं.१२ गण बाराको प्राप्त पत्रानुसार विपद व्यवस्थापन सामाग्री भण्डारण कक्षको लागि ३(तीन) हजार ईटा बराबरको रकम यस गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**१५. आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस बारागढी गाउँपालिकाको वडा नं.३ निवासी श्री रामएकबाल सहनी गोढीको आर्थिक सहयोगको लागि वडा कार्यालयबाट सिफारिस भई आएकोमा निज व्यक्ति प्रलाईसिस भई निजको उपचारको लागि रकम रु.१०,०००।-(अक्षरेपी दश हजार मात्र) सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

**१६. करार वा दैनिक ज्यालादारीमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस यस बारागढी गाउँपालिकाको कार्यसम्पादनका लागि तथा जनशक्ति अभावका कारण यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका ठूला तथा साना पूर्वधार योजना अन्तर्गत प्रशासकीय भवन, १५ शैयाको आधारभूत अस्पताल र विभिन्न वडामा सञ्चालित वडा तथा गाउँपालिका स्तरीय योजनाहरु, झुलुङ्गे पुल को रेखदेख तथा व्यवस्थापन गर्न तपसिल पदमा निम्नानुसार करार वा दैनिक ज्यालादारीमा कर्मचारीहरु भर्ना गर्ने निर्णय गरियो ।

तपसिल

१. सुपरभाईजर(प्राविधिक) -४ (चार)जना

१७. खानेपानी, सरसफाई तथा स्वच्छता निर्देशिका सम्बन्धमा ।

प्रस्ताव न.१७ माथि छलफल गर्दा यस बारागढी गाउँपालिका अन्तर्गत रहेको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी विद्यायन समितिबाट निर्देशिका अध्ययन भई यस गाउँ कार्यपालिकामा अनुमोदनको लागि सिफारिस भई आएको हुँदा यस बारागढी गाउँपालिकाको खानेपानी गुणस्तर अनुमान निर्देशिका,२०७८ र खानेपानी,सरसफाई तथा स्वच्छता(खासस्व) सूचना व्यवस्थापन प्रणाली निर्देशिका, २०७८ र सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०७९ सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।